"आँबुखैरेनी समृद्धिको आधारः कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"

# आँबुखैरेनी गाउँपालिकाको

# आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम

# आँबुखैरेनी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**आँबुखैरेनी, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**मिति २०७६/३/०९ गते**

# वार्षिक नीति तथा कार्यक्रम,

## २०७६

**सभाबाट स्वीकृत मिति : २०७६/३/९ गते**

**आँबुखैरेनी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**आँबुखैरेनी, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**२०७६**

आँबुखैरेनी गाउँपालिकाको **पाँचौ** गाउँसभाबाट

आ.व.२०७६/७७ को आँबुखैरेनी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम

**लागू हुने मितिः २०७६/४/१ गते**

## आँबुखैरेनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वन गर्न बनेको नीति तथा कार्यक्रम

सम्मानित सभाका सदस्यज्यूहरु,

विभिन्न संचार माध्यमबाट यस गाउँपालिकाको आगामी आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम श्रवण गरी रहनु भएका आदरणीय आँबुखैरेनी बासीज्यूहरु ।

नेपालमा संघिय लोकतान्त्रीक गणतन्त्र संस्थागत भए पश्चात स्थानीय सरकारको रुपमा स्थापित यस आँबुखैरेनी गाउँपालिकाको पाँचौं गाउँ सभा तथा आर्थिक वर्ष २०७६/७७ को नीति, तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यान्त खुसी लागेको छ । लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि आफ्नो जीवन वलिदान गर्ने अमर शहीदहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहन्छु ।

संघीय तथा प्रदेश सरकारको निर्देर्शीत बजेट तर्जुमा मार्गदर्शन, आर्थिक नीति, दिगो विकासको लक्ष्य प्राप्ती गर्ने गरी यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

सम्मानित सभाका सदस्यज्यूहरु

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सम्पूर्ण वडा, गाउँपालिका अर्न्तगतका राजैतिक दल, टोल सुधार समिति, पत्रकार एवं सम्पूर्ण सरकारी एवं गैह्र सरकारी संघ संस्थाहरुवाट प्राप्त सुझाव सल्लाह समेतलाई नीति र कार्यक्रममा समावेश गरिएको छ । नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२ को धारा ५७ उपधारा (४) धारा २१४ को उपधारा (२) धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१), स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही तर्जुमा गरिएको छ ।

जनआकाक्षा र निर्वाचित जनप्रतिनिधिहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्बोधन गर्न, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड साथै स्थानीय तहको आफ्नै स्रोत र साधनको अधिनमा रहेर कार्यान्वयन हुने गरी यो नीति तथा कार्यक्रम तयार गरीएको छ ।

"**समृद्ध आँबुखैरेनी सुखी गाउँ बासी**" प्रमुख लक्ष्य प्राप्तीका लागि नीति तथा कार्यक्रमको पूर्ण अंश यस प्रकार प्रस्तुत गर्न चाहन्छु ।

## आँबुखैरेनी गाउँपालिका

## आ.ब.२०७६/७७ को बार्षिक नीति तथा कार्यक्रम

**दीर्घकालीन सोच :**

*"आँबुखैरेनी गाउँपालिका समृद्धिको आधार : कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"*

**लक्ष्य :**

**"आर्थिक सामाजिक सांस्कृतिक तथा पर्यावरणीय रुपमा सफा, सुन्दर, समुन्त तथा समृद्ध आँबुखैरेनी गाउँपालिकाको निर्माण"** गर्ने आँबुखैरेनी गाउँपालिकाको लक्ष्य हुनेछ र उक्त लक्ष्य पुरा गर्न निम्न बमोजिमका नीति र कार्यक्रमहरु अवलम्बन गरिएको छ ।

**प्राथमिकताका क्षेत्रहरु**

उपरोक्त उद्देश्यहरु प्राप्तिका लागि गाउँपालिकाबाट निम्न बमोजिमको प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ ।

१. आँबुखैरेनी समृद्धिका लागि कृषि, शिक्षा, पर्यटन, पूर्वाधार, स्वास्थ्य, उद्योग तथा व्यापारको प्रवर्द्धन तथा आर्थिक विकास गर्ने,

२. दिगो विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सरोकारवालाहरुको सहभागिता सुनिश्चितता,

३. ग्रामीण आधारभूत सेवाहरु : सडक यातायात सञ्जाल विस्तार एवं स्तरोन्नती, ग्रामिण विद्युतिकरण, खानेपानी तथा सरसफाई एवं वातावरण सन्तुलन र विपत व्यवस्थापन,

४. शान्ति सुरक्षा, सुशासन, जनकेन्द्रीत सेवा प्रवाह, संस्थागत क्षमता सुदृढिकरणका एवं योजनाबद्ध ग्रामीण विकास,

५. महिला, बालबालिका, अशक्त/अपाङ्ग, दलित, आदिबासी/जनजाति, पिछडिएका वर्ग र अति गरिब तथा सिमान्तकृत समुदायको समावेशी विकास,

६. विकासमा संघ, प्रदेश, अन्य सरकारी तथा गैर-सरकारी, निजी क्षेत्रसँग सहकार्य र साझेदारी,

## नीति तथा कार्यक्रम

उल्लेखित प्राथमिकताका आधारमा आँबुखैरेनी गाउँपालिकाको बिषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम निर्धारण गरिएको छ ।

### क) आर्थिक विकास :

❖ **कृषि तथा पशु :**

१) नागरिकक्को खाद्य अधिकारी सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न कृषि उत्पादनको क्षेत्रमा विविधिकरण तथा विशिष्टकरण गर्ने, अर्गानिक कृषि उत्पादलाई प्रोत्साहन, एक गाउँ एक उत्पादन, तरकारी तथा फलफूल खेती पकेट क्षेत्र विकास तथा विऊ विजन अनुदान दिईनेछ । पौवा, पतेनी, ढेडेगाउँ छापस्वारा, ज्यामिरेमा अमिलो प्रजाती (कागती, अमिलो) पटेक, नयाँ गाउँमा सुन्तला पकेट, भाँगे टमटर खेती, हिलेखर्क, जालभञ्ज्याङ्गमा टिमुर खेती, कफि खेतीलाई प्राथमिकता दिईनेछ । उत्पादिक वस्तुहरुको व्यवस्थापन तथा विकी वितरणका लागि हाट बजारको व्यवस्था मिलाईनेछ ।

२) आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरूलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । पशु जन्य उत्पादनको बजारीकरणको लागि दुग्ध सहकारीहरुलाई क्षमता अभिवृद्धि गराईनेछ । उपभोक्ताको हित र स्वास्थ्यलाई ध्यानमा राखी स्वच्छ मासु पसल र व्यवस्थित वधस्थल निर्माण गरिनेछ । पशु धनको सुरक्षा, संरक्षण र सम्वर्द्धनको कार्यकम ( स्वास्थ्य विमा, खोप) उन्नत नस्ल सुधारमा जोड दिईनेछ । सार्वजनिक तथा निजी जग्गामा फलफूल खेतिलाई प्राथमिकता दिईनेछ ।

❖ **पर्यटन क्षेत्र :**

३) उच्च आर्थिक वृद्धि र रोजगारीको सम्भावना वोकेको पर्यटन क्षेत्रको विकासका लागि छिम्केश्वरी, आँधिमुल, अकला मन्दिर, शिव मन्दिर, हिलेखर्क, बौद्ध मन्दिर, कृण मन्दिर ऐना पहारा लगायतका धार्मिक तथा पर्यटकीय स्थलको विकासलाई निरन्तरता दिइनेछ र अन्य क्षेत्रको पर्यटन सम्भाव्यता अध्ययन तथा पहिचान, होमस्टे प्रर्वद्धन साथै लोपोन्मुख चेपाङ्ग, भुजेल, दलित, आदिवासी जनजातिको भाषा, संस्कृति र सम्पदाको संरक्षण एवं विकास लाई विशेष प्राथामिकता दिइनेछ । मठ मन्दिर तथा पर्यटकीय क्षेत्रलाई पलाष्टिक मुक्त क्षेत्र घोषणा गरिनेछ ।

❖ **उद्योग तथा वाणिज्य क्षेत्र :**

४) यस क्षेत्रका औद्योगिक वातावरण सृजना गरी औद्योगिक विकास मार्किचोक ड्यासाईडमा उद्योग ग्रामको संम्भाव्यता अध्ययन र स्थापना विकासमा जोड दिईनेछ । आर्थिक विकास हासिल गर्न बैक तथा वित्तिय संस्थाहरुसँग समन्वयतात्मक ढंगबाट काम गरिनेछ ।

❖ **आर्थिक प्रशासन तथा राजस्व परिचालन क्षेत्र :**

५) करका दरलाई फराकिलो पारी न्यून दरमा कर, शुल्क, दस्तुर कायम गरी सरल सहज तरिकाबाट भुक्तानी गर्न मिल्ने पद्धति अवलम्बन गरिनेछ । गाउँपालिकामा बसोबास गर्ने गाउँबासीहरुको क्षमता, अन्य गाउँपालिकाहरुको तुलनात्मक अध्ययन, प्रचलित ऐन नियमको प्रावधान बमोजिम करका दर निर्धारण गरिनेछ ।

६) कर उठाउन करदाताहरुको तथ्यांक संकलन गरिनेछ । आन्तरिक आयमा बढोत्तरी गर्न कर संकलन टोली गठन गरी क्रियाशिल बनाईनेछ । गाउँपालिकाको राजश्व बृद्धिका लागि उद्योग, कलकारखाना खोल्न सहजीकरण गर्ने, सवै प्रकारका उद्योग, ब्यवसायलाई करको दायरामा समेटीनेछ ।

७) आर्थिक कारोवारलाई प्रभावकारी एवं पारदर्शी बनाउन, आयस्तर र बचतमा बद्धिको लागिसवै परिवारमा १ घर १ बैंक खाता खोल्ने नीति लिईनेछ । गाउँपालिका भित्रका सबै घरधुरी दर्ता कायम गरिनेछ साथै विभिन्न पेशा र व्यवसायहरुलाई अनिवार्य दर्ता प्रकृयामा ल्याईनेछ ।

## ख) सामाजिक विकास :

❖ **शिक्षा यूवा तथा खेलकुद क्षेत्र :**

८) आगामी ३ बर्ष भित्र सामुदायिक र संस्थागत विद्यालय वीचको असमानता कम गरी शिक्षा प्रणालीमा सुधार गर्ने, वालमैत्री कक्षा संचालन र सिमान्तकृत समुदायका वालावालिकाको स्वास्थ्यलाई दृष्टिगत गरी  दिवा खाजा व्यवस्थापन गर्ने, सामुदायिक विद्यालय रंग रोगन गर्ने, विद्यार्थी संख्या बढी भएका साथै शिक्षक दरबन्दी कम भएका विद्यालयमा शिक्षक व्यवस्थापन तथा क्षमता विकासमा जोड दिईनेछ । प्राविधिक शिक्षालयहरुको विस्तार र हाल संचालनमा रहेका विद्यालयहरुमा सूचना प्रविधिको उपयोग र विकासमा जोड दिईनेछ ।

९) एक वडा एक खेल मैदान तथा गाउँपालिकामा राष्ट्रिय स्तरको रंगशाला निर्माणमा जोड दिई गाउँपालिका स्तरीय विभिन्न खेलहरु संचालन गरिनेछ ।

१०) विभिन्न तह तथा विधामा उत्कृष्ट नतिजा हासिल गर्ने गाउँपालिका भित्रका युवा, यूवती तथा अध्ययनरत छात्र, छात्राहरुलाई सम्मान गरिनेछ ।

११) एक घर एक रोजगार कार्यक्रमलाई अगाडी बढाईनेछ । वेरोजगार यूवाहरुलाई लक्षित गरी उमेर समुहमा आधारित प्रशिक्षण, सिपमुलक तालिम व्यवसायीकतामा जोड दिईनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिका भित्रका व्यक्तिहरुलाई रोजगार प्रदान गरिनेछ ।

❖ **स्वास्थ्य क्षेत्र :**

१२) गुणस्तरिय स्वास्थ्य सेवामा सवै नागरिकको समतामूलक पहुँच सुनिश्चीतताका लागि हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना तथा संचालन गरीनेछ । स्वास्थ्य विमा कार्यक्रम, महिला स्वास्थ्य स्वयसेविका यातायात खर्च, प्रसुति सेवा लिने महिलालाई प्रोत्साहन गर्न यातायात खर्चको सिमा वढाईनेछ । विपन्न नागरिक र असाध्य रोगको विरामीहरुलाई निशुल्क सिफारिस र केही मात्रामा आर्थिक सहयोग गरिनेछ । जनताई स्वास्थ्यको पहुँचका लागि एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।

❖ **खानेपानी तथा सरसफाई क्षेत्र :**

१३) गाउँपालिका अर्न्तगत ३ बर्ष भित्र सम्पूर्ण घर परिवारमा स्वच्छ खानेपानी पुर्‍याउन एक घर एक धारा जडानलाई प्राथमिकता दिईनेछ । पृथ्वी राजमार्ग आसपासमा सरसफाई एवं सार्वजनिक सौचालयको व्यवस्थापन गरिनेछ । साथै राजमार्ग आसपासका क्षेत्रमा वृक्षारोपण लगायत हरित क्षेत्र कार्यक्रमहरु अगाडी बडाईनेछ ।

१४) निर्माधिन खानेपानी योजनाहरु (सत्रसय आँधिमुल खानेपानी योजना, वरादी डिहि लगायतका खानेपानी योजनाहरु) समयमै सम्पन्न गर्न सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ । हाल संचालनमा रहेका खानेपानी योजनहरुलाई संरक्षण र सम्बर्द्धन गरिनेछ ।

❖ **लैगिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्र :**

१५) आदिवासी जनजाती, दलित, लोपोन्मुक जातिका भाषा धर्म र सांस्कृतिक संरक्षण, मौलिक संस्कृतिको प्रवर्द्धनमा जोड दिईनेछ । वाल उद्यान, बाल सूचना केन्द्र स्थापना, वालवालिका

मैत्री खेलकुद तथा पार्क स्थापना, अन्तरपुस्ता शिप हस्तान्तरण, क्षमता विकास तथा सिप विकासलाई प्राथमिकता दिईनेछ ।

१६) फरक क्षमता भएका व्यक्ति, महिला, बालबालिका, जेष्ठ नागरिक, जातिय विभेद न्यूनीकरण, समतामुलक समाज निर्माण र सरकारले अबलम्बन गरेका सामावेशी विकासलाई प्रवर्द्धन गरिनेछ । अपाङ्ग परिचय पत्र घरघरमा पुऱ्याउने व्यवस्था मिलाईनेछ । अनाथ वालवालिका, अपाङ्ग, सुस्त मनस्थिती सन्तुलन गुमाएका तथा वृद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहार सुसारको लागि विभिन्न संघ संस्थासँग आवश्यक समन्वय गरिनेछ ।

१७) विपन्न, हिंसापिडित वालवालिका, महिलाहरुको उद्धार, राहतको साथै कानूनी उपचारको लागि पुनस्थापना केन्द्रहरुको खोजी गरिनेछ । वालवालिका, महिला विरुद्ध हुने सवै किसिमका हिंसा, भेदभाव र शोषण अन्त्य गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । सवै प्रकारको वालश्रम अन्त्य गर्न प्रयासको थालनि गरिनेछ । अन्तराष्ट्रिय महिला दिवस, वाल दिवस, जेष्ठ नागरिक दिवसको अवसरमा गाउँपालिकाबाट विशेष कार्यक्रमको आयोजना गरी सम्मान गरिनेछ ।

## ग) पूर्वाधार विकास :

### ❖ सडक तथा पुल (झलुङ्गे पुल समेत) क्षेत्र :

१८) आँबुखैरेनी गाउँपालिकाको सम्पूर्ण वडामा सहज सडक पहुँच तथा वडा कार्यालय जोड्ने पक्की सडक संजाल निर्माणका लागि प्रकृया अगाडी बढाईनेछ । नयाँ ट्याक्क खोल्ने कामलाई निरुत्साहित गरिनेछ । गाउँपालिका भित्रका सवै सडकको सडक मापदण्ड, सडक सिमा कार्यविधि तयार गरी लागु गरिनेछ । गाउँपालिका गौरभ तथा वडा गौरभका आयोजनाहरु पहिचान तथा कार्यान्वयनमा जोड दिईनेछ । सत्रसय-आँधिमूल सडक तथा मार्किचोक तिलवारी सडक कालोपत्रे निर्माण कार्य सुरु गरिनेछ ।

१९) आँबुखैरेनी गाउँपालिका वडा नं. ५ स्थित त्रिसुली नदीमा झलुङ्गे पुलको निर्माण कार्य अगाडी बढाईनेछ । जिर्ण अवस्थामा रहेका झुलुङ्गे पुल तथा अन्य पुलको मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

### ❖ सिंचाई क्षेत्र :

२०) आँबुखैरेनी गाउँपालिका स्थित रहेको कृषि क्षेत्रको प्रर्वद्धन गर्न सकिने तर पानीको अभावमा खाली रहेको जग्गामा (कुलो तथा लिफ्टीङ्ग प्रकृयाद्धारा) सिंचाईको व्यवस्था मिलाईनेछ । साथै

कृषि योग्य जमिनमा दिगो विकासका लागि सिंचाई कुलो, लिफ्टिङ्ग सिचाई आयेजनहरुको विकास निर्माणलाई तिव्रता दिईनेछ ।

### ❖ भवन तथा सहरी विकास क्षेत्र :

२१) गाउँ कार्यपालिका, वडा कार्यालयको भवन तथा विभिन्न वडामा रहेको स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य केन्द्रहरुका भवन निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ । भवन मापदण्ड आचार संहितालाई कार्यान्वयन गरिनेछ । क्रमागत तथा अधुरा योजनालाई विशेष प्राथमिकतामा राखी पुरा गरिनेछ ।

२२) सेवा प्रवाहलाई सुरक्षित सहज र सरल तवरबाट प्रदान गर्न गाउँपालिकाको बहुउद्धेश्यीय भवन निर्माणलाई अगाडी बढाईनेछ ।

२३) नेपाल सरकारको भू-उपयोग नीति अर्न्तगत गाउँपालिका स्तरिय भू-उपयोग कार्यविधि तयार गरिनेछ । गाउँ क्षेत्र भित्रको सार्वजनिक क्षेत्रको लगत संकलन एवं संरक्षण गरिनेछ । साथै जि.आई.एस. म्यापीङ्ग तयार गरिनेछ ।

### ❖ संचार, उर्जा लघु तथा साना जलविद्युत (बैकल्पीक उर्जा समेत) क्षेत्र :

२४) आगामी ३ बर्ष भित्र गाउँपालिका भित्र रहेका विद्युतीय काठे पोलहरुलाई विस्थापित गरी सिमेन्ट तथा स्टिल पोलको व्यवस्था मिलाईनेछ । साथै सम्पूर्ण वडामा विद्युत तथा संचार सुविधाको पहुँच पुर्‍याईने छ । स्मार्ट सिटीको अवधारण अनुरुप विकास गरिनेछ ।

२५) नयाँ सम्पन्न पक्की सहायक मार्ग तथा राजमार्गको आवश्यक स्थानहरुमा सडक बत्ति व्यवस्थापन गरिनेछ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन विकास :

### ❖ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :

२६) गाउँपालिका भित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री स्थानीय शासन संचालनमा जोड दिईनेछ । ग्रीन सिटीको रुपमा विकास गरिनेछ । वन क्षेत्रको बैज्ञानीक एवं दिगो व्यवस्थापन गरी महत्वपूर्ण वनस्पति एवं जडीबुटिको विकास र विस्तार गरिनेछ । जलवायु अनुकुलन र पर्यावरण संरक्षण कार्यक्रमलाई जोड दिइनेछ । गाउँपालिका

भित्रका पोखरी, ताल तलैया वरपिपल चौतारीको संरक्षण र सम्बर्द्धन गरिनेछ । परम्परागत खानेपानीका स्रोत र मुहानहरुको संरक्षण गर्दै पुराना एवं जीर्ण अवस्थाका कुवा तथा पोखरी मर्मत तथा संरक्षण गरिनेछ । सामुदायिक वन उपभोक्ता समुहको सहकार्यमा वनमा आधारित उद्यमहरुको विकास गरिनेछ । प्रद्षण नियन्त्रणको लागि वातावरणीय मापदण्डहरु निर्माण गरिनेछ ।

२७) गाउँपालिकाको फोहरमैला व्यवस्थापनको लागि व्यवस्थापन केन्द्रको सुदृढीकरण गरिनेछ ।

२८) विपद् व्यवस्थापनलाई सहज बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ, विपद्को आवश्यक पूर्व तयारी तथा विपद्ध पश्चात व्यवस्थापनको प्रभावकारी नीति लागू गरिनेछ ।

२९ गाउँपालिका क्षेत्र भित्र रहेका प्रति र सार्वजनिक जग्गाहरुको लगत संकलन गर्ने कार्यको थालनि गरिनेछ । अव्यवस्थित बसोबासीहरुको स्थायी व्यवस्थापनका लागि सम्बन्धित निकायहरु मार्फत आवश्यक पहल गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकास, सार्वजनिक सेवा प्रवाह :**

३०) गाउँपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन, संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानून बमोजिम आवश्यक विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३१) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

३२) पारदर्शीता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । नागरिक बडापत्र लागू एवं भ्रष्टचार शुन्य कायम गर्न प्रयत्न गरिनेछ । साथै विकास निर्माण कार्यमा पारदर्शीता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई  र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईने छ । प्रत्येक वडा कार्यालयमा विद्युतिय माध्यमबाट सेवा प्रवाह संचालनमा जोड दिईनेछ ।

३३) गाउँपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गरी गाउँपालिकालाई चुस्त र छरितो संगठनको रुपमा विकास गरिनेछ ।

३४) अस्थायी प्रकृतिका सेवाहरु जस्तै फोहोमैला व्यवस्थापन, विद्युत, खानेपानी आपूर्ती, सुरक्षा, सूचना प्रविधि सेवा ब्यवस्थापन, सरसफाई, बगैचा हेरचाह, सवारी चालक, भान्छे, फोटोकपी जस्ता सेवाहरु संस्थागत करारमा लिइनेछ ।

३५) यस गाउँपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत निर्वाचित पदाधिकारी, कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न अतिरिक्त समय कामकाज गरेबापत भत्ता, खाजा खर्च स्वरुप मासिक रुपमा कार्यविधी बनाई निश्चित सूविधा उपलब्ध गराइनेछ ।

३६) गाउँपालिकाको विभिन्न सेवा सञ्चालन, ब्यवस्थापन, प्रवर्द्धनका लागि आवश्यक ऐन, कानून, नियमावली कार्यविधिको अध्ययन, अनुसन्धान एवं निर्माण गरिनेछ ।

३७) यस गाउँपालिकाको कर्मचारी संगठन संरचना र गाउँपालिकाको सडक मापदण्ड समेत तयार निर्माण गरिएको छ ।

३८) गाउँ तथा समग्र क्षेत्रको विकासको निर्माणमा संघ, प्रदेश, स्थानीय तहको समन्वय कायम गर्दै सार्वजनिक, नीजि, साझेदारी {Public Private Partnership (PPP)} को अवधारण अबलम्बन गरिनेछ ।

अन्त्यमा यो नीति तथा कार्यकम तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने गाउँपालिका सम्पूर्ण सभाका सदस्यज्यूहरु, कर्मचारी, गाउँपालिकाका राजनैतिक दल, सरकारी तथा गैह सरकारी संघ संस्था, सहकारीका प्रतिनिधि, टोल विकास संस्था, स्थानीय वुद्धिजीवी, नागरिक समाजका अगुवा, नीजि क्षेत्र, सञ्चारकर्मी सम्पूर्ण गाउँवासीहरुका हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

**गिर बहादुर थापा**
अध्यक्ष
आँबुखैरेनी गाउँपालिका

मिति २०७५/०३/०९ गते